


# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार

देशको आर्थिक सामाजिक विकासमा ६० वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष ३२ अंक ०७ चैत २०८१ Year 32 Vol 07 March / April 2025

## बैंक सञ्चालक समितिका सदस्यद्वयद्वारा शपथ ग्रहण

**काठमाडौं, ७ चैत**

नेपाल सरकार (माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्री) को निर्णयानुसार राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको रिक्त रहेको सञ्चालक समिति सदस्य पदमा रोमिला ढकाल उप्रेती तथा डा. सूर्यबहादुर राना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १५ को उपदफा(१) बमोजिम चार वर्षका लागि मनोनयन हुनु भएको छ । सञ्चालकद्वय रोमिला ढकाल उप्रेती र डा. सूर्यबहादुर रानाले बैंक सञ्चालक समितिका अध्यक्ष




दिलिपकुमार ढुङ्गाना समक्ष चैत ७ गते एक समारोहका बीच पद तथा गोपनियताको शपथ लिनुभएको छ । उक्त समारोहमा बैंक सञ्चालक समितिका सदस्यहरु महेश भट्टराई, सुशिल घिमिरे, लक्ष्मण घिमिरे, प्रा.डा.रामप्रसाद ज्ञवाली, प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनाल, नायब प्रमुख कार्यकारी अधिकृतद्वय सरस्वती अधिकारी, देवेशप्रसाद लोहनी, उपकार्यकारी अधिकृतहरु विमल डंगोल, विनयरमण पौडेल, दुर्गाकुमारी कँडेल, रामकुमार थापा, कम्पनी सचिव प्रमोद अधिकारी लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो । ■

## राष्ट्रिय वाणिज्य बैंकले ७ प्रतिशत ब्याजदर भएको ७ वर्षे ऋणपत्र निष्काशन गर्ने

राष्ट्रिय वाणिज्य बैंक
RASTRIYA BANIJYA BANK
...तपाईंको आफ्नै बैंक
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजत प्राप्त संस्था

**काठमाडौं, २७ चैत**

राष्ट्रिय वाणिज्य बैंकले ७ वर्ष अवधि तथा वार्षिक ७ प्रतिशत ब्याजदर भएको २ अर्ब ५० करोड रुपैंयाको ऋणपत्र (7% RBBL Debenture 2088) निष्काशन गर्ने भएको छ । बैंकले २०८२ बैशाख ७ गतेदेखि ऋणपत्र निष्काशन तथा बिक्री खुला गर्ने भएको छ ।

बैंकले प्रति ऋणपत्र एक हजार अंकित दरका २ अर्ब ५० करोड रुपैयाँ बराबरको २५ लाख कित्ता ऋणपत्र निष्काशन गर्न लागेको हो । सोमध्ये ६० प्रतिशत अर्थात १ अर्ब ५० करोड रुपैयाँ बराबरको १५ लाख कित्ता ऋणपत्र व्यक्तिगत तवरबाट बाँडफाँट गरिनेछ भने बाँकी ४० प्रतिशत अर्थात १ अर्ब रुपैयाँ बराबरको १० लाख कित्ता सर्वसाधारणमा बाँडफाँट गरिनेछ । सर्वसाधारणमा बाँडफाँट गरिने ऋणपत्रमध्ये ५ प्रतिशत अर्थात ५० हजार कित्ता ऋणपत्र सामूहिक लगानी कोषहरुका लागि छुट्याइएको छ भने सर्वसाधारण लगानीकर्ताले ९ लाख ५० हजार कित्ता ऋणपत्रका लागि आवेदन दिन सक्नेछन् । सो ऋणपत्रमा लगानीकर्ताले न्यूनतम २५ कित्ताका लागि आवेदन दिनुपर्नेछ भने अधिकतममा सम्पूर्ण कित्ताका लागि आवेदन दिन सक्नेछन् । निष्काशन बन्द छिटोमा बैशाख १० गते हुनेछ भने ढिलोमा बैशाख २१ गते हुनेछ ।

बैंकको धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक सानिमा क्यापिटल लिमिटेड रहेको छ । लगानीकर्ताले नेपाल धितोपत्र बोर्डबाट स्वीकृती प्राप्त सि-आस्बा सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरुबाट आवेदन दिन सक्नेछन् । ऋणपत्र निष्काशनका लागि गराएको क्रेडिट रेटिङ्गमा केयर रेटिङ्गस् नेपालले बैंकलाई केयर एनपी ए प्लस इस्यूअर रेटिङ्ग प्रदान गरेको छ । सो रेटिङ्गले समयमा वित्तीय दायित्व पूरा गर्ने सम्बन्धमा पर्याप्त मात्रामा सुरक्षित रहेको संकेत गर्दछ । सो ऋणपत्रमा आर्जित ब्याज रकम प्रत्येक आर्थिक वर्षको प्रथम अर्धवार्षिक र दोस्रो अर्धवार्षिक समाप्त भएपश्चात कर कट्टा गरी भुक्तानी गरिनेछ । ■

# राष्ट्रिय वाणिज्य बैंकको ग्लोबल मनी वीकको सन्दर्भमा देशव्यापी रूपमा सञ्चालित वित्तीय साक्षरता कार्यक्रमबाट १०३९२ जना लाभान्वित

**काठमाडौं, १३ चैत**


राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले देशव्यापी रुपमा सञ्चालन गरेको वित्तीय साक्षरता कार्यक्रमबाट १० हजार ३ सय ९२ जना लाभान्वित भएका छन् । ग्लोबल मनी वीक २०२५ लाई सफल बनाउने उद्धेश्यले बैंकले देशैभरीका सातै प्रादेशिक कार्यालय र सबै शाखा कार्यालय मार्फत वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको हो ।




अन्तराष्ट्रिय रुपमा हरेक वर्ष मार्च महिनामा तेस्रो हप्ता मनाइने ग्लोबल मनी वीक बैंकले चैत ४ देखि १० गतेसम्म साताव्यापी "Think before you follow, wise money tomorrow" नारासहित सञ्चालन गरेको थियो ।

बैंकले विभिन्न स्कुल तथा कलेजका हजारौं विद्यार्थीहरुको सहभागितामा सातै प्रदेशका शाखा कार्यालयहरुबाट देशव्यापी वित्तीय चेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरेको थियो । अभियान अन्तर्गत बैंकिसँग कारोबार गर्दा हुने फाइदाहरु, डिजिटल बैंकिङ्ग, क्यूआर, पोस सेवा, आरविवि स्मार्ट बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग, पिन तथा पार्सवर्ड सुरक्षा, ओटिपी, रेमिट्यान्स कारोबार, बचत तथा कर्जाको सदुपयोग सम्बन्धी संचेतना कार्यक्रम सञ्चालन गरेको थियो । बैंकका शाखा कार्यालयहरुमा विद्यार्थीहरुलाई भ्रमण गराई सैद्धान्तिक तथा प्रयोगात्मक विधिबाट वित्तीय संचेतना बारे ज्ञान प्रदान गरिएको थियो । यसका साथै सामाजिक सञ्जालबाट चेतनामूलक श्रव्यदृष्य सामग्रीहरु समेत प्रसारण गरिएको थियो ।

सन् २०१२ देखि प्रत्येक वर्ष विश्वका १७६ भन्दा बढी मुलुकमा सञ्चालन हुँदै आएको 'ग्लोबल मनी वीक' मुलतः किशोर/किशोरी तथा युवा/युवती लक्षित वित्तीय शिक्षाको महत्वबारे जागरण ल्याउने उद्देश्यका साथ विश्वव्यापी रूपमा थालिएको अभियान हो । ■



ग्लोबल मनी वीक बागमती प्रदेश



ग्लोबल मनी वीक गण्डकी प्रदेश



ग्लोबल मनी वीक कोशी प्रदेश



ग्लोबल मनी वीक लुम्बिनी प्रदेश



ग्लोबल मनी वीक कर्णाली प्रदेश



ग्लोबल मनी वीक मधेश प्रदेश



ग्लोबल मनी वीक सुदूरपश्चिम प्रदेश

# राष्ट्रिय वाणिज्य बैंकद्वारा ९४ जना नवनियुक्त कर्मचारीहरुलाई पूर्व सेवाकालिन तालिम प्रदान




**काठमाडौं, २५ फागुन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले लोक सेवा आयोगबाट सञ्चालित लिखित परीक्षा तथा अन्तरवार्ताबाट गण्डकी, लुम्बिनी, कर्णाली र सुदूर पश्चिम प्रदेशका लागि प्रदेशगत रुपमा छनौट भएका नवनियुक्त सहायक (प्रशासन सेवाका) ९४ जना कर्मचारीहरुलाई चौध दिने पूर्व सेवाकालिन तालिम काठमाडौंमा सञ्चालन गरिरहेको छ।

तालिमको उद्घाटन गर्दै बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले तालिममले बैंकिङ्ग काम प्रतिको ज्ञान बढाउनुका साथसाथै काम गर्ने दौरानमा कामप्रति स्मार्टनेश, सकारात्मकता र सेवाभाव झल्कने बताउनुभयो । उहाँले नवनियुक्त युवा कर्मचारीहरुलाई प्रतिस्पर्धी बजारमा खरो रुपमा उत्रनुका साथै जनताको असल सेवक हुनु पर्ने बताउनुभयो । कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृतहरु सरस्वती अधिकारी र देवेशप्रसाद लोहनीले नवनियुक्त कर्मचारीहरुलाई कार्यस्थलमा जिम्मेवारी बहन गर्दा अपनाउनुपर्ने कर्तव्य बोध गराउनु भएको थियो। कार्यक्रममा मानव संशाधन विभागका विभागीय प्रमुख भीमप्रसाद घिमिरेले नवनियुक्त सहायक ९४ जना कर्मचारीहरुलाई बैंकको कर्मचारी सेवा विनियमावली बमोजिम शपथ गराउनु भएको थियो। कार्यक्रम मानव संशाधन विभागका विभागीय उपप्रमुख हरिबाबु आचार्यले सञ्चालन गर्नुभएको थियो।

कार्यक्रममा बैंकका उपकार्यकारी अधिकृतहरु पवन रेग्मी, विमल डंगोल, दुर्गा कुमारी कँडेल, विभागीय प्रमुख पद्यमा लक्ष्मी जि.सी.लगायत कर्मचारीहरुके उपस्थिति रहेको थियो। ■




लुम्बिनी प्रदेश




कर्णाली प्रदेश




बागमती प्रदेश

## रा.वा.बैंक कर्मचारी संघको "महिला कर्मचारीसँग राविया" विषयक कार्यक्रम

**काठमाडौं, २३ फागुन**

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपाल केन्द्रीय महिला विभागको आयोजनामा ११५औं अन्तराष्ट्रिय नारी दिवसको अवसरमा महिला कर्मचारीसँग राविया विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । केन्द्रीय महिला विभागकी प्रमुख लक्ष्मी ज्ञवालीको अध्यक्षतामा भएको कार्यक्रको प्रमुख आतिथ्यता नेकपा एमालेकी केन्द्रीय सदस्य एवं वागमती प्रदेश सरकारकी पूर्व आन्तरिक मामिला मन्त्री रचना खड्काले गर्नुभएको थियो । कार्यक्रममा महिला कर्मचारीहरुका समस्या एवं महिला सशक्तिकरणका विषयमा छलफल भएको थियो । कार्यक्रममा विफु नेपालकी उपमहसचिव अन्जली भट्टराई, रा.वा.बैंक कर्मचारी संघका बरिष्ठ उपाध्यक्ष बद्री तिमिल्सना, महसचिव रविन्द्रप्रसाद चौलागाईं, महिला विभागकी उषा दुलाल, भावना शर्माले मन्तब्य राख्नुभएको थियो । विभिन्न शाखा तथा केन्द्रीय कार्यालयमा कार्यरत महिला कर्मचारीहरुको उपस्थिति रहेको कार्यक्रममा यसअघि महिला विभागले बैंकका कर्मचारीहरु माँझ गरेको अनुसन्धनात्मक प्रतिवेदन समेत सार्वजनिक गरिएको थियो। ■



# राष्ट्रिय वाणिज्य बैंकद्वारा ७१ जना नवनियुक्त नगद सेवाका कर्मचारीहरुलाई पूर्व सेवाकालिन तालिम प्रदान



**काठमाडौं, १३ चैत**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले लोक सेवा आयोगबाट सञ्चालित लिखित परीक्षा तथा अन्तरवार्ताबाट कोशी, मधेश, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूर पश्चिम प्रदेशका लागि प्रदेशगत रुपमा छनौट भएका नवनियुक्त सहायक (नगद सेवाका) ७१ जना कर्मचारीहरुलाई चौध दिने पूर्व सेवाकालिन तालिम काठमाडौंमा सञ्चालन गरिरहेको छ।

तालिमको उद्घाटन गर्दै बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले कर्मचारीहरुले आफुले प्राप्त गरेको सैद्धान्तिक ज्ञानलाई प्रयोगमा ल्याई आम नागरिकमा उत्कृष्ठ सेवा दिनु पर्ने बताउनुभयो । उहाँले नवनियुक्त युवा कर्मचारीहरुलाई देश र संस्था प्रति इमान्दार तथा अनुशासन भई नागरिकलाई गुणस्तरीय सेवा दिनु पर्ने बताउनुभयो । कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृतहरु सरस्वती अधिकारी र देवेशप्रसाद लोहनीले नवनियुक्त कर्मचारीहरुलाई कार्यस्थलमा जिम्मेवारी बहन गर्दा अपनाउनुपर्ने कर्तव्य बोध गराउनु भएको थियो । कार्यक्रममा मानव संशाधन विभागका विभागीय प्रमुख भीमप्रसाद घिमिरेले नवनियुक्त सहायक ७१ जना कर्मचारीहरुलाई बैंकको कर्मचारी सेवा विनियमावली बमोजिम शपथ गराउनु भएको थियो । कार्यक्रम माानव संशाधन विभागका विभागीय उपप्रमुख हरिबाबु आचार्यले सञ्चालन गर्नुभएको थियो । कार्यक्रममा बैंकका उपकार्यकारी अधिकृत विनयरमण पौडेल, विभागीय प्रमुख पद्यमा लक्ष्मी जि.सी.लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो।■

## समवेदना

यस बैंकका शा.का. सिरहामा कार्यरत शाखा प्रबन्धक शिवशंकर यादब (१२२६१) का पिता तेजनारायण यादब, शा.का.नारायणपुरमा कार्यरत बरिष्ठ सहायक गणेशकुमार आचार्य (१२२७५) का पिता शिवप्रसाद आचार्य, मुख्य शाखा कार्यलयमा कार्यरत बरिष्ठ सहायक प्रशन्ना दत्त (१२०६०) का ससुरा कृष्णकुमार दास, शा.का.डोटीमा कार्यरत बरिष्ठ सहायक मणिराज भट्ट (१३५६५) का पिता मदनराज भट्ट, शा.का.दार्चुलामा कार्यरत सहायक धर्मबहादुर बिष्ट (१२००८) का पिता जयबहादुर बिष्ट, शा.का.बाग्लुङ्गबजारमा कार्यरत सहायक बलराम रेग्मी (१४०६२) का पिता लाल जैसीको केही पहिले निधन भएकोमा दिवंगत आत्माहरुको चिर शान्तिको कामना सहित समवेदना प्रकट गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक लि.
परिवार

**प्रकाशक**
**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड**
प्रमुख कार्यकारी अधिकृतको कार्यालय
सिंहदरबारप्लाजा, काठमाडौं, फोन: ०१-५७२१२२०, Ext. २४२३
ई-मेल: rbbnl@rbb.com.np
वेबसाइट: www.rbb.com.np

**प्रमुख सल्लाहकार**
**देवेन्द्ररमण खनाल**
प्रमुख कार्यकारी अधिकृत

**सल्लाहकार**
**पवन रेग्मी**
उपकार्यकारी अधिकृत तथा सूचना अधिकारी

**सम्पादक**
**ईश्वर उप्रेती**

**डिजाइन**
**राजु तामाङ**